आज मिति २०७७ साल भाद्र २२ गते सोमबारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: विपद व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२: कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।
प्रस्ताव नं.३: शैक्षिक संस्थाहरुमा पठन-पाठन गराउने सम्बन्धमा ।
प्रस्ताव नं.४: सहजीकरण समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: स्थानीय तह मल वितरण समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.६: वडा कार्यालयको जग्गा खरिद प्रकिया अगाडी बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.७: नदिजन्य पदार्थलाई करको दायरामा ल्याउने सम्बन्धमा ।
प्रस्ताव नं.८: नगर स्तरीय अस्पताल सम्बन्धमा ।
प्रस्ताव नं.९: निर्माण व्यवसायी इजाजतपत्र नियमित गर्ने कार्यविधि सम्बन्धमा ।
प्रस्ताव नं.१०: आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि २०७७ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.११: उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७६ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१२: अनुगमन कार्यविधि २०७७ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१३: व्यास नगरपालिका नगर शिक्षा नियमावली २०७६ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१४: कृषि व्यवसाय प्रवर्द्धन तथा नियमन कार्यविधि २०७७ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१५: कृषि विकास कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१६: दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.१७: सहकारी मार्फत मासु उत्पादन र बिक्रीमा आधारित अनुदान कार्यक्रम निर्देशिका संशोधन सम्बन्धमा
प्रस्ताव नं.१८: विभिन्न समिति गठन प्रकिया अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१९: अनुगमन कार्यदल गठन सम्बन्धमा ।
प्रस्ताव नं.२०: विपद कोषमा रकम रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.२१: योजना तथा पुनर्निमाणमा रकम विनियोजन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा विपद् व्यवस्थापन सम्बन्धी हालसम्मको प्रगति विवरण उपर समिक्षा गरियो । बाढी पहिरोले क्षति पुऱ्याएका भौतिक सडक पूर्वाधारहरुको मर्मत सम्भार भई आवागमन सुचारु भएको र अन्य अत्यावश्यक भौतिक पूर्वाधारहरुको मर्मत सम्भार भइसकेको साथै पूर्ण र आंशिक क्षति भएका घरपरिवारहरुलाई राहत उपलब्ध गराउने प्रक्रिया अगाडि बढिरहेकोमा कृषिजन्य उत्पादनमा पुगेको क्षतिका सम्बन्धमा क्षतिपूर्ति माग भई आएका सम्पूर्ण वडाहरुका विवरणहरु एकीकृत तथा अध्ययन गरी आगामी बैठकमा प्रतिवेदन पेश गर्न आर्थिक विकास समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा कोभिड-१९ को रोकथाम तथा नियन्त्रण कार्यलाई सहज गराउन PCR परीक्षण कार्य जि.पी. कोइराला मेमोरियल अस्पताल बेलचौतरामा नै गराउने गरी ल्याव स्थापना गर्न आवश्यक भौतिक पूर्वाधार (पि.सि.आर.मेशिन) खरिदका लागि तनहुँका स्थानीय तहहरुसँग भएको साझेदारी सहमति अनुसार शुक्लागण्डकी नगरपालिकाद्वारा खरिद प्रक्रिया अगाडि बढाएको हुँदा यस नगरपालिकाले व्यहोर्नुपर्ने रकम रु.८,६४,०००। (आठ लाख चौसठ्ठी हजार) शुक्लागण्डकी नगरपालिकालाई भुक्तानी पठाउने साथै आइसोलेसन निर्माणको लागि हाल दमौली अस्पताललाई प्रदेशबाट रकम आएपछि फिर्ता हुने गरी रू.४,५०,०००।- (चार लाख पचास हजार रुपैयाँ) उपलव्ध गराउने निर्णय गरियो । साथै कृषि विकास बैंकमा आइसोलेसन बनाउँदा भएको मर्मत सम्भार, थप शौचालय निर्माण गर्दा लागेको रु.३,६४,५१६। तीन लाख चौसठ्ठी हजार पाँच सय सोह्र रुपैयाँ र अन्य सामग्रीहरु खरिदको (सिरानी, तन्ना, पोलार डसना) प्रति सेट २३००। का दरले ५६ सेट को हुन आउने रकम रु.१,२८,८००। समेत जम्मा रु.४,९३,३१६। (चार लाख त्रियान्नब्बे हजार तीन सय सोह्र रुपैयाँ) समेत सोधभर्नाको लागि सम्बन्धित निकायसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा कोरोना भाइरस (कोभिड-१९) का कारण देश भरका शैक्षिक संस्थाहरु झै यस नगरपालिका क्षेत्रका शैक्षिक संस्थाहरु पनि प्रभावित भई पठन-पाठन अवरुद्ध भएको र यो कम अझ लम्बिने सम्भावना रहेको हुँदा नेपाल सरकारको मापदण्ड, नीति मापदण्ड भित्र रहेर पठन-पाठनको वैकल्पिक विधि अपनाई पठन-पाठनलाई अगाडि बढाउनको लागि तत्काल अपनाउन सकिने

उपायहरुको खोजी गरी आगामी बैठकमा सुझावहरु पेश गर्न नगर शिक्षा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.४ र वडा नं.१० को सिमानामा पर्ने सामुदायिक वन क्षेत्रमा फोहोरमैला प्रशोधन केन्द्र निर्माण गर्नका लागि आवश्यक प्रारम्भिक वातावरणीय परीक्षण (IEE/अध्ययन) गर्नका लागि सरोकारवालाहरुसँग समन्वय गरी सहजीकरण गर्न वडा अध्यक्ष श्री विश्वराज न्यौपानेको संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| १. श्री विश्वराज न्यौपाने, वडा अध्यक्ष -वडा नं.४ | –संयोजक |
| २. श्री तुलसीराम सापकोटा, वडा अध्यक्ष, वडा नं. १० | –सदस्य |
| ३. म.स. श्री बसुन्धरा घर्ती, वडा नं. ४ | –सदस्य |
| ४. म.स. श्री लक्ष्मी परियार वडा नं. १० | –सदस्य |
| ५. श्री प्रेमराज मिश्र रानीपानी सामुदायिक वन अध्यक्ष | –सदस्य |
| ६. श्री गंगाबहादुर दरै विर्ता सामुदायिक वन अध्यक्ष | –सदस्य |
| ७. श्री खमबहादुर दरै, वैरेनी टोल विकास संस्था | –सदस्य |
| ८. श्री श्रीभद्र न्यौपाने, वेदव्यास टोल विकास संस्था वडा नं. ४ | –सदस्य |
| ९. श्री कालिका पौडेल, डिहीकुना टोल विकास संस्था, वडा नं.१० | –सदस्य |
| १०. श्री श्रीराम कुंवर, गणेश टोल विकास संस्था, वडा नं.१० | –सदस्य |
| ११. श्री भाग्यशाली ढुंगाना, ना.सु. व्यास नगरपालिका कार्यालय | –सदस्य |
| १२. श्री देवका पौडेल, कमला थुम्की सामुदायिक वन, वडा नं.१० | –सदस्य |
| १३. श्री कुमार कंचन जि.सी., वरिष्ठ आ.ले.प.अधिकृत व्यास नगरपालिका कार्यालय | –सदस्य-सचिव |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा “अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७” ले गरेको व्यवस्था बमोजिम उप-प्रमुख श्री मिरा जोशीको संयोजकत्वमा देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी यस नगरपालिकाको स्थानीय तह मल वितरण समिति गठन गरियो । साथै निर्देशिका अनुसार किसानहरुलाई मल उपलब्ध गराउने कार्यमा तत्काल पहल गर्ने समेत निर्णय गरियो ।

| | |
|---|---|
| उप-प्रमुख श्री मिरा जोशी | – संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल | – सदस्य |
| वरिष्ठ अधिकृत श्री राजेन्द्र कार्की | – सदस्य-सचिव |

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१ को हाल कार्यालय निर्माणाधीन अवस्थामा रहेकोमा त्यस वडाको जनसंख्या एवं दैनिक रुपमा वडा कार्यालयमा हुने सेवाग्राहीको चापलाई मध्यनजर गर्दा हाल कार्यालय भवन निर्माण भइरहेको जग्गा साँघुरो देखिन गएकोले सोही कित्तासँग जोडिएका कम्तिमा आठ आना अन्य जग्गाहरु खरिद गर्नुपर्ने आवश्यकता देखिएकोले तत्काल जग्गा खरिद प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका र लमजुङ्ग जिल्लाको मध्यनेपाल नगरपालिकाको सिमानामा रहेको रिस्ती खोलाको नदीजन्य पदार्थ अनाधिकृत रुपमा उत्खनन् भइरहेको हुँदा मध्यनेपाल नगरपालिकासँग समन्वय गरी उक्त खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गरी दुवै नगरपालिकाले नदीको वहाव क्षेत्रका आधारमा राजश्व बाँडफाँड गर्ने गरी उल्लेखित खोलाबाट उत्खनन् हुने नदीजन्य पदार्थलाई करको दायरामा ल्याउन आवश्यक समन्वय गर्न सम्बन्धित शाखालाई निर्देशन दिने साथै कलेस्ती खोलामा आएको बाढीले विभिन्न स्थानमा थुपारेको नदीजन्य पदार्थ हटाउन जिल्ला अनुगमन समितिलाई आवश्यक सहयोगका लागि लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रमा यथाशिघ्र सम्पूर्ण नगरवासीहरुलाई पायक पर्ने साथै यातायात, खानेपानी तथा विद्युत जस्ता आधारभूत भौतिक पूर्वाधार

विस्तार भइसकेका स्थानमा नगरस्तरीय अस्पताल निर्माणका लागि आवश्यक पर्ने देहाय बमोजिमको सार्वजनिक जग्गा वा यस नगरपालिकालाई अस्पताल निर्माणको लागि अन्य व्यक्तिहरुबाट जग्गा दानबाट प्राप्त हुन सक्ने सम्भावित जग्गाहरुको उपलब्धताको ग्यारेन्टी सहित विवरण पठाउन वडा कार्यालयहरुलाई लेखी पठाउने निर्णय गरियो ।

| सि.नं. | अस्पतालको क्षमता | आवश्यक जग्गा | कैफियत |
|---|---|---|---|
| १. | ५० शैया क्षमता | ३५ रोपनी भन्दा माथि | न्यूनत्तम |
| २. | १५ शैया क्षमता | १५ रोपनी भन्दा माथि | न्यूनतम |

**निर्णय नं.९:** प्रस्ताव नं.९ को सम्बन्धमा छलफल हुँदा "व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत-पत्र नियमित गर्ने कार्यविधि २०७७" संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७७।२।२ गते नगर कार्यपालिकाबाट पारित "आर्थिक सहायता (नियमित गर्ने) कार्यविधि २०७७" लाई तपसिलमा उल्लेखित दफामा संशोधन गर्ने निर्णय गरियो ।

| कार्यविधिमा भएको | कार्यविधिमा संशोधन गरिएको |
|---|---|
| -दफा ३ (२) नेपाल सरकारले दीर्घ रोग भनी किटान गरेका निको नहुने रोग लागिको मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित रोग लागेको प्रमाण सहित निवेदन पेश गरेमा नगर कार्यपालिका वोर्डको निर्णय अनुसार रु.१५००। देखि रु.१५,०००। सम्म निज वा निजको हकवालालाई अधिकार प्राप्त अधिकारीले रकम उपलब्ध गराउन आदेश दिनुपर्नेछ । साथै कार्यपालिका बोर्डले नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गरेमा सोही बमोजिम हुनेछ । यसरी दीर्घ रोगीहरुलाई उपलब्ध गराउने आर्थिक सहायता नगरपालिका भित्रकालाई रु.१५,००० र नगरपालिका बाहिरकालाई अधिकत्तम रु.१०,००० मात्र हुनेछ । | -दफा ३ (२) नेपाल सरकारले दीर्घ रोग भनी किटान गरेका निको नहुने रोग लागेको मान्यता प्राप्त चिकित्सकबाट प्रमाणित रोग लागेको प्रमाण सहित सम्बन्धित व्यक्तिको निवेदन, न्यून आर्थिक अवस्था भएको वडा कार्यालयको सिफारिस एवं स्वास्थ्य शाखाको राय भएमा अप्रेशन खर्च वा गम्भिर उपचार खर्च वापत एक पटक मात्र व्यास नगरपालिकामा मतदाता नामावलीमा नाम भएका बिरामीलाई बढीमा रु.१५,०००। (पन्ध्र हजार) सम्म उपचार खर्च उपलब्ध गराउन सकिने छ । दीर्घ रोगी मध्ये मृगौला असफल भई डाइलासिस गर्नुपर्ने बिरामी भएमा नगरवासीलाई यातायात खर्च वापत डाइलासिस गरिएको अवधि भर मासिक रु.१०००। (एक हजार) उपलब्ध गराइने छ । |

**निर्णय नं.११:** प्रस्ताव नं.११ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७६।१।११ गते नगर कार्यपालिकाबाट पारित "व्यास नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६" लाई तपसिलमा उल्लेखित दफाहरुमा संशोधन एवं थप गर्ने निर्णय गरियो ।

| कार्यविधिमा भएको | कार्यविधिमा संशोधन/थप गरिएको |
|---|---|
| -दफा ७ (१) कार्यालयले आ.व. शुरु भएको ३० दिन भित्र उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनुपर्नेछ । उपभोक्ता समिति गठन पश्चात् आयोजनाको ड्रइङ्ग, डिजाइन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनुपर्नेछ । | -दफा ७ (१) कार्यालयले आ.व. शुरु भएको ९० दिन भित्र उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनुपर्नेछ । उपभोक्ता समिति गठन पश्चात् आयोजनाको ड्रइङ्ग, डिजाइन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनुपर्नेछ । |

| | |
|---|---|
| -दफा ११ (१२) शहरी वडामा ३० प्रतिशत र अन्य वडामा २० प्रतिशत न्यूनतम नगद लागत सहभागिता उठाउनु पर्नेछ । नगरपालिकाको श्रोत साधन र आयोजनाको प्रकृति अनुसार न्यूनतम लागत सहभागितामा नघट्ने गरी लागत सहभागिता बढाबढ गरी आयोजना सञ्चालन गर्न सकिनेछ । | -दफा ११ (१२) लागत सहभागिता गर्दा वडा नं.१ देखि वडा नं.४ सम्मका शहरी वडाहरुमा लागत सहभागिताका योजनाहरुमा न्यूनत्तम तीस प्रतिशत र अन्यमा बीस प्रतिशत, र वडा नं.५ देखि १४ सम्मका ग्रामिण वडाहरुमा लागत सहभागिताका योजनाहरुमा बीस प्रतिशत र अन्यमा योजनामा न्यूनत्तम १० प्रतिशत रहने छ । तर सार्वजनिक सरोकारका क्षेत्रमा निर्माण कार्य गर्दा नगर कार्यपालिकाको बैठकले नगरपालिका भित्र १० प्रतिशत लागत सहभागिता कायम गर्न सक्नेछ । |
| -दफा ११ (१४) १ लाखसम्मका योजनामा कार्य सम्पन्न भएपछि एकमुष्ट भुक्तानी दिइनेछ भने १ लाख १ देखि ५ लाखसम्मका योजनामा दुई किस्तामा र ५ लाख १ भन्दा माथिक योजनामा तीन किस्तामा उपभोक्ता समितिलाई रकम भुक्तानी दिइनेछ । | -दफा ११ (१४) २ लाखसम्मका योजनामा कार्य सम्पन्न भएपछि एकमुष्ट भुक्तानी दिइनेछ भने २ लाख १ देखि ५ लाखसम्मका योजनामा दुई किस्तामा र ५ लाख १ भन्दा माथिक योजनामा तीन किस्तामा उपभोक्ता समितिलाई रकम भुक्तानी दिइनेछ । |
| | -दफा ११ (१५) उपभोक्ता समितिको क्षमताबाट गर्न नसकिने कालोपत्रे गर्ने जस्ता कार्यलाई टेण्डर प्रक्रियाबाट सम्पन्न गरिने छ । |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७७।२।२ गते नगर कार्यपालिकाबाट पारित "अनुगमन कार्यविधि २०७७" लाई तपसिलमा उल्लेखित दफाहरुमा संशोधन एवं थप गर्ने निर्णय गरियो ।

| कार्यविधिमा भएको | कार्यविधिमा संशोधन/थप गरिएको |
|---|---|
| -अनुगमन कार्यविधि २०७७ | -योजना अनुगमन कार्यविधि २०७७ |
| -दफा १ (१) यस कार्यविधिको नाम "अनुगमन कार्यविधि २०७७" रहेको छ । | -दफा १ (१) यस कार्यविधिको नाम "योजना अनुगमन कार्यविधि २०७७" रहेको छ । |
| -दफा २ (क) "कार्यविधि" भन्नाले व्यास नगरपालिकाको अनुगमन कार्यविधि, २०७७ सम्झनुपर्छ | -दफा २ (क) "कार्यविधि" भन्नाले व्यास नगरपालिकाको योजना अनुगमन कार्यविधि २०७७" सम्झनुपर्छ । |
| -दफा २ (घ) "अनुगमन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित नगरपालिकास्तरको अनुगमन तथा मूल्यङ्कन समिति सम्झनुर्पछ । | -दफा २ (घ) "अनुगमन समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित वडास्तरीय र नगरस्तरीय अनुगमन तथा मूल्यांकन समिति सम्झनुपर्छ । |
| -दफा ३ (१) नगरपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामूखी बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन समिति रहनेछः<br>(क) नगरपालिकाको उपप्रमुख -संयोजक<br>(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>(ग) नगर कार्यपालिकाले तोकेको दुई जना बोर्ड -सदस्य<br>(घ) योजना अनुगमन शाखा/उपशाखा प्रमुख-सदस्य सचिव | -दफा ३ (१) नगरपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामूखी बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन समिति रहनेछः<br>(क) नगरपालिकाको उपप्रमुख -संयोजक<br>(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य<br>(ग) नगर कार्यपालिकाले तोकेको दुई जना बोर्ड -सदस्य<br>(घ) शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख वा निजले तोकेको इन्जिनियर -सदस्य |

| | |
|---|---|
| | (ङ) योजना अनुगमन तथा सूचना प्रविधि उपशाखा प्रमुख वा निजले तोकेको सम्बन्धित उपशाखको कर्मचारी -सदस्य सचिव |
| | -दफा ३ (५) नगरपालिका भित्र विभिन्न वडाहरुमा नगरस्तरीय वा वडास्तरीय ५ लाखसम्मका योजनाहरुको अनुगमन गर्ने र योजनाहरुलाई नतिजामूखी बनाउन वडास्तरीय अनुगमन समिति निम्नानुसार रहने छः<br>(क) वडा अध्यक्ष -संयोजक<br>(ख) वडा सदस्यहरु -सदस्य<br>(ग) वडा प्राविधिक -सदस्य<br>(घ) वडा सचिव -सदस्य सचिव<br>(६) वडा तथा नगरस्तरीय योजना अनुगमन समितिले हरेक योजनाहरुको अनुगमन गरिसकेपछि अभिलेख राख्न समेतका लागि लिखित निर्णय गर्नुपर्नेछ ।<br>(७) निर्णय पुस्तिकाको प्रतिलिपि सहित भुक्तानीका लागि नगरपालिकामा पेश गर्ने दायित्व सम्बन्धित सदस्य सचिवको हुनेछ |
| -दफा ६ (१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन सुविधा प्राप्त गर्ने छन् ।<br>(क) तहगत रुपमा निर्धारण गरिएको दैनिक भ्रमण भत्ता बराबरको रकम । | -दफा ६ (१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन समितिको पदाधिकारी तथा कर्मचारीहरुले मासिक एउटा बैठकको मात्र नियमानुसार बैठक भत्ता प्राप्त गर्नेछन् । |
| -दफा ८ (१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसूची १ बमोजिमको प्रतिवेदन एक महिनाभित्र नगर प्रमुख र नगर कार्यपालिका बैठक समक्ष पेश गर्नुपर्नेछ । | -दफा ८ (१) दफा ३ को उपदफा (१) र (५) बमोजिमको समितिले अनुसूची १ बमोजिमको प्रतिवेदन नगर प्रमुख र नगर कार्यपालिका बैठक समक्ष पेश गर्नुपर्नेछ |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७६।४।७ गते नगर कार्यपालिकाबाट पारित “व्यास नगरपालिका नगर शिक्षा नियमावली २०७६” लाई तपसिलमा उल्लेखित दफाहरुमा थप गरी संशोधन गर्ने निर्णय गरियो ।

| नियमावलीमा भएको | नियमावलीमा थप गरिएको |
|---|---|
| - | - नियम ५४ (५) नगर शिक्षा शाखाले कार्यपालिकाको निर्णयानुसार करार एवं सट्टा शिक्षक नियुक्ति, छनौटका लागि निम्नानुसार योग्यताका विशेषज्ञहरु छनौट गर्नेछः<br>(क) माध्यमिक तहको शिक्षकका लागि सम्बन्धित विषयमा स्नाकोत्तर उत्तीर्ण भई मा.वि. र उच्च मा.वि.मा अध्यापनरत न्यूनत्तम तीन वर्ष सेवा गरेका स्थायी शिक्षक,<br>(ख) आधारभूत विद्यालयको नि.मा.वि. तहका लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण भई विद्यालयमा न्यूनत्तम तीन वर्ष स्थायी शिक्षक भएको,<br>(ग) आधारभूत विद्यालयको प्राथमिक तहको शिक्षक छनौटका लागि स्नातक तह उत्तीर्ण भई प्राथमिक तहमा न्यूनत्तम पाँच वर्ष स्थायी सेवा पुरा गरेको । |
| - | (६) विशेषज्ञ माग गर्दा न्यूनत्तम पहिलो पटक पन्ध्र दिनको समय दिई विशेषज्ञ |

| | |
|---|---|
| | सूचीमा दर्ता हुन सूचना प्रकाशन गर्नुपर्नेछ । यस्तो सूचना हरेक वर्ष वा आवश्यकता अनुसार प्रकाशन गरिने छ । |
| - | (७) उपदफा ५ को प्रयोजनका लागि नगरपालिकाको शिक्षा शाखाले विशेषज्ञको सूची अध्यावधिक गरी राख्नुपर्नेछ । |
| - | (८) नगरपालिकामा विज्ञ सूचीमा सम्बन्धित तहको विज्ञ नभएमा अन्य पालिकामा अध्यापनरत विज्ञ सूचीमा भएका शिक्षकहरुलाई आमन्त्रण गर्न सकिने छ । |

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७७।२।२ गते नगर कार्यपालिकाबाट पारित "कृषि व्यवसाय प्रवर्द्धन तथा नियमन कार्यविधि २०७७" लाई तपसिलमा उल्लेखित दफाहरुमा संशोधन गर्ने निर्णय गरियो ।

| कार्यविधिमा भएको | कार्यविधिमा संशोधन/थप/हटाइएको |
|---|---|
| -दफा ४ (१)<br>(ग) नगर स्तरीय कृषि समितिका अध्यक्ष-सदस्य<br>(घ) नगर कार्यपालिका सदस्यहरु मध्ये एक जना-सदस्य<br>(ङ) नगरपालिका पशु तथा कृषि विकास शाखा/उपशाखा प्रमुख-सदस्य<br>(च) समितिले मनोनयन गरेको कृषि विज्ञ एक जना-सदस्य<br>(ज) नगरपालिकाको कृषि शाखा/उपशाखा प्रमुख एक जना -सदस्य सचिव | -दफा ४ (१)<br>(ग) नगर स्तरीय आर्थिक विकास समितिका संयोजक-सदस्य<br>(घ) नगर आर्थिक विकास समितिका सदस्य-सदस्य<br>(ङ) नगरपालिका आर्थिक पूर्वाधार विकास शाखा प्रमुख-सदस्य<br>(च) समितिले मनोनयन गरेको कृषि विज्ञ एक जना सदस्य<br>(ज) नगरपालिकाको कृषि विकास उपशाखा प्रमुख -सदस्य सचिव |
| -दफा १० (१) नगरपालिका क्षेत्र भित्रका कुनै पनि कृषि तथा पशु व्यवसाय गर्ने व्यक्ति, समूह वा कृषि सहकारीद्वारा देहायका प्रमाण सहित आवश्यक प्रकिया पुरा गरी आएमा नगरपालिका कृषि तथा पशु विकास शाखामा व्यवसाय, फर्म वा समूह दर्ता गरी प्रमाण पत्र उपलब्ध गराइनेछः | -दफा १० (१) नगरपालिका क्षेत्र भित्रका कुनै पनि कृषि तथा पशु व्यवसाय गर्ने व्यक्ति, समूह वा कृषि सहकारीद्वारा देहायका प्रमाण सहित आवश्यक प्रकिया पुरा गरी आएमा नगरपालिकाको आर्थिक पूर्वाधार विकास शाखाबाट व्यवसाय, फर्म वा समूह दर्ता गरी प्रमाण पत्र उपलब्ध गराइनेछः |
| -११ (१)<br>(घ) नगरपालिका कृषि/पशु विकास शाखाका प्राविधिक एक<br>(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको योजना शाखाको प्राविधिक एक<br>(च) नगरपालिकाको कृषि/पशु शाखा प्रमुख - सदस्य सचिव | -११ (१)<br>(घ) नगरपालिका आर्थिक पूर्वाधार विकास शाखा प्रमुख एक- सदस्य<br>(ङ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शहरी पूर्वाधार तथा प्राविधिक शाखाको प्राविधिक एक- सदस्य<br>(च) नगरपालिकाको पशु उपशाखा प्रमुख - सदस्य सचिव |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७७।२।२२ गते नगर कार्यपालिकाबाट पारित "कृषि विकास कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७" लाई तपसिलमा उल्लेखित दफाहरुमा संशोधन गर्ने निर्णय गरियो ।

| कार्यविधिमा भएको | कार्यविधिमा संशोधन/थप/हटाइएको |
|---|---|
| -दफा ४ (ङ) तर मनासिव कारण भएमा आर्थिक समितिले परिमार्जन गर्न कुनै बाधा पर्ने छैन । | -दफा ४ (ङ) तर मनासिव कारण भएमा आर्थिक विकास समितिले परिमार्जन गर्न कुनै बाधा पर्ने छैन । |
| -दफा ४ (च)<br>(१) संयोजक-कृषि, पशु तथा सहकारी विकास | -दफा ४ (च)<br>(१) संयोजक- आर्थिक विकास समितिका संयोजक |

| | |
|---|---|
| समितिको संयोजक वा कार्यपालिका सदस्य -१<br>(२) सदस्य-कृषि, पशु तथा सहकारी विकास समितिको सदस्य/वडा सदस्य -२<br>(३) सदस्य -प्रमुख प्रशासकीय अधिकृतले तोकेको लेखा उपशाखाको अधिकृत कर्मचारी -१ | (२) सदस्य- आर्थिक विकास समितिका सदस्य -१<br>(३) सदस्य -आर्थिक पूर्वाधार विकास शाखा प्रमुख -१ |
| -दफा ४ (छ) अनुगमन तथा मूल्याङ्कन समितिले नियम अनुसारको रीत पुर्‍याई प्रस्तावकहरु मध्येबाट मूल्याङ्कन गरी अनुदानको लागी प्रस्ताव छनौट गर्नेछ | -दफा ४ (छ) मूल्याङ्कनमा छनौट भएका प्रस्तावहरुलाई आर्थिक विकास समितिको बैठकले अनुमोदन गरी अनुदान प्रस्ताव गर्नेछ। |
| -दफा ९ (१) (च) सहभागी छनौटको जिम्मेवारी सम्बन्धित वडाका जनप्रतिनिधि तथा कृषि विकास उपशाखाको हुनेछ, | -दफा ९ (१) (च) सहभागी छनौटको जिम्मेवारी सम्बन्धित वडाका जनप्रतिनिधि तथा आर्थिक पूर्वाधार विकास शाखाको हुनेछ, |
| -दफा १० (१)<br>(ख) उपाध्यक्षः कृषि, पशु, सहकारी विकास समिति वा आर्थिक विकास समिति संयोजक<br>(घ) सदस्यः नगर कार्यपालिकाको महिला सदस्यबाट दुई जना | -दफा १० (१)<br>(ख) उपाध्यक्षः आर्थिक विकास समितिका संयोजक<br>(घ) सदस्यः आर्थिक विकास समितिका सदस्य मध्येबाट १ जना महिला (सम्भव भएसम्म) सहित २ जना दुई जना |
| -दफा १२ (१) नगरपालिकाको वार्षिक स्वीकृत लक्ष्य अनुसार भकारो सुधार गर्न इच्छुक कृषकहरुले कम्तीमा तीन वटा वस्तु पालेको हुनुपर्नेछ। भकारोको लम्बाई १२ फिट, चौडाई ५ फिट (६० वर्ग फिट) को ढलान गरी पिसाब बग्ने सानो कुलेसो र पिसाब जम्मा गर्ने सानो टंकी बनाई गोबर र मुत्रलाई घामपानीबाट बचाउनका लागि छानोको व्यवस्था समेत गर्नुपर्नेछ। यसको लागि ८० प्रतिशत अनुदान रकम उपलब्ध गराइने छ तर अठार हजार सात सय पचास रुपैयाँ भन्दा बढी जतिसुकै लागत इष्टिमेटको रकम भएतापनि पन्ध्र हजार रुपैयाभन्दा बढी रकम उपलब्ध गराइने छैन। यस्तो अनुदान रकम भकारो सुधारको कार्य सम्पन्न भएपछि एक मुष्ठ उपलब्ध गराइने छ। अनुदान लिनका लागि अनुसुची २ अनुसार निवेदन दिनुपर्नेछ । यसको इष्टिमेट कृषि विकास उपशाखाको प्राविधिक कर्मचारीबाट उपलब्ध गराइने छ। | -दफा १२ (१) नगरपालिकाको वार्षिक स्वीकृत लक्ष्य अनुसार भकारो सुधार गर्न इच्छुक कृषकहरुले कम्तीमा तीन वटा वस्तु पालेको हुनुपर्नेछ । भकारोको लम्बाई १२ फिट, चौडाई ५ फिट (६० वर्ग फिट) को ढलान गरी पिसाब बग्ने सानो कुलेसो र पिसाब जम्मा गर्ने सानो टंकी बनाई गोबर र मुत्रलाई घामपानीबाट बचाउनका लागि छानोको व्यवस्था समेत गर्नुपर्नेछ। यसको लागि ८० प्रतिशत अनुदान रकम उपलब्ध गराइने छ तर अठार हजार सात सय पचास रुपैयाँ भन्दा बढी जतिसुकै लागत इष्टिमेटको रकम भएतापनि पन्ध्र हजार रुपैयाभन्दा बढी रकम उपलब्ध गराइने छैन । यस्तो अनुदान रकम भकारो सुधारको कार्य सम्पन्न भएपछि एक मुष्ठ उपलब्ध गराइने छ। अनुदान लिनका लागि अनुसुची २ अनुसार निवेदन दिनुपर्नेछ । यसको इष्टिमेट आर्थिक पूर्वाधार विकास शाखाको प्राविधिक कर्मचारीबाट उपलब्ध गराइने छ। |
| -दफा १९ (३) लागत इष्टिमेट स्वीकृत गरी भ्रमण खर्च बाहेक किटबक्सबाट माटो परीक्षणका लागी एक सय नमूनासम्म बढीमा पैतीस हजार रुपैयाँसम्म खर्च गर्न सकिने छ। माटो परीक्षण शिविर सञ्चालनको लागी कृषि विकास उपशाखाले डिस्टिल वाटर प्लान, टेस्टट्युव, बिकर, किट वक्स, पि.एच. मिटर आदि रसायन खरिद गरी माटो परीक्षणको लागी इष्टिमेट स्वीकृत गरी सामग्री खरिद गर्न सक्ने छ। अन्य प्रयोजनको लागी परिच्छेद २ को दफा ६ र ७ अनुसार हुनेछ। | -दफा १९ (३) लागत इष्टिमेट स्वीकृत गरी भ्रमण खर्च बाहेक किटबक्सबाट माटो परीक्षणका लागी एक सय नमूनासम्म बढीमा पैतीस हजार रुपैयाँसम्म खर्च गर्न सकिने छ। माटो परीक्षण शिविर सञ्चालनको लागी आर्थिक पूर्वाधार विकास शाखाले डिस्टिल वाटर प्लान, टेस्टट्युव, बिकर, किट वक्स, पि.एच. मिटर आदि रसायन खरिद गरी माटो परीक्षणको लागी इष्टिमेट स्वीकृत गरी सामग्री खरिद गर्न सक्ने छ। अन्य प्रयोजनको लागी परिच्छेद २ को दफा ६ र ७ |

| | |
|---|---|
| | अनुसार हुनेछ । |
| -दफा २१. **प्राविधिक मोवाइल खर्चः** (१) कृषि विकास उपशाखामा कार्यरत प्राविधिक कर्मचारीहरुलाई इन्धन र संचार खर्च विल अनुसार मासिक रुपमा उपलब्ध गराइनेछ ।<br>(२) यो सुविधा लिने प्राविधिकले कृषि विकास उपशाखाको कार्यक्रम बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाउने छैनन् ।<br>(३) काम सम्पन्न गरेको प्रगति मासिक रुपमा पेश गर्नुपर्नेछ । मासिक कार्य योजना बनाई काम गर्नुपर्नेछ । | -दफा २१ हटाइएको |
| अनुसूची १<br>व्यास नगरपालिका कृषि विकास उपशाखाको आ.व.२० । । को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको अनुदान/औजार-उपकरण उपलब्ध गराउने कार्यक्रमहरु रहेको हुँदा नगरपालिकाका इच्छुक कृषि फर्म, कम्पनी, समूह तथा सहकारीले यो सूचना प्रकाशित गरेको …….. दिन भित्र तोकिएको ढाँचामा कार्य योजना सहित देहाय अनुसारको कागजातहरु नगरपालिका कृषि विकास उपशाखामा पेश गर्नको लागी यो सूचना प्रकाशित गरिएको छ । आवेदनको ढाँचा/कार्य योजनाको फारामहरु कृषि विकास उपशाखामा उपलब्ध छ । | अनुसूची १<br>व्यास नगरपालिकाको आ.व.२० । । को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको अनुदान/औजार-उपकरण उपलब्ध गराउने कार्यक्रमहरु रहेको हुँदा नगरपालिकाका इच्छुक कृषि फर्म, कम्पनी, समूह तथा सहकारीले यो सूचना प्रकाशित गरेको …….. दिन भित्र तोकिएको ढाँचामा कार्य योजना सहित देहाय अनुसारको कागजातहरु नगरपालिका कृषि विकास उपशाखामा पेश गर्नको लागी यो सूचना प्रकाशित गरिएको छ । आवेदनको ढाँचा/कार्य योजनाको फारामहरु कृषि विकास उपशाखामा उपलब्ध छ । |
| अनुसूची २<br>उपर्युक्त विषयमा नगरपालिका कृषि विकास उपशाखाको मिति …………………… को प्रकाशित सूचना अनुसार निवेदकले लागत साझेदारीमा अनुदान कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक प्रक्रियाको लागि तपशिल उल्लेखित कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं । | अनुसूची २<br>उपर्युक्त विषयमा नगरपालिकाको आर्थिक पूर्वाधार विकास शाखा अन्तर्गत कृषि विकास उपशाखाको मिति …………………… को प्रकाशित सूचना अनुसार निवेदकले लागत साझेदारीमा अनुदान कार्यक्रम सञ्चालन गर्न ईच्छुक भई आवश्यक प्रक्रियाको लागि तपशिल उल्लेखित कागजातहरु संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं । |
| अनुसूची ४<br>तनहुँ जिल्ला व्यास नगरपालिका कृषि विकास उपशाखाको मितिः …………………… को प्रकाशित सूचना अनुसार व्यास नगरपालिका ……. नं. वडा ………………………… गाउँ /टोल स्थायी ठेगाना भएको श्री ……………………. ले लागत साझेदारीमा ……………………………… कार्यक्रम सञ्चालनको लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु. ……………. को ……… प्रतिशतले हुन आउने रु. …………… अक्षरुपी ………………………… | अनुसूची ४<br>तनहुँ जिल्ला व्यास नगरपालिका आर्थिक पूर्वाधार विकास शाखाको मितिः …………………… को प्रकाशित सूचना अनुसार व्यास नगरपालिका ……. नं. वडा ………………………… गाउँ /टोल स्थायी ठेगाना भएको श्री ……………………. ले लागत साझेदारीमा ……………………………… कार्यक्रम सञ्चालनको लागि पेश गरेको व्यवसाय योजना अनुसार अनुमानित कुल लागत रु. ……………. को ……… प्रतिशतले हुन आउने रु. …………… अक्षरुपी ………………………… |

| | |
|---|---|
| बराबरको लागानी आफ्नो आन्तरिक स्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौ । | बराबरको लागानी आफ्नो आन्तरिक स्रोतबाट व्यहोरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौ । |
| अनुसूची ६<br>व्यास नगरपालिका कृषि विकास उपशाखाको मिति २० । । को सूचना अनुसार अनुदान कार्यक्रममा ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं । पेश गरेको कार्य योजना अनुसारको कार्य कम्तीमा .............. सञ्चालन गर्ने प्रतिवद्धता जनाउँदछु/जनाउँदछौ । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सञ्चालित क्रियाकलापहरुबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/गर्दछौं । | अनुसूची ६<br>व्यास नगरपालिका आर्थिक पूर्वाधार विकास शाखाको मिति २० । । को सूचना अनुसार अनुदान कार्यक्रममा ईच्छुक भई सो कार्यक्रममा सहभागिताको लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं । पेश गरेको कार्य योजना अनुसारको कार्य कम्तीमा .............. सञ्चालन गर्ने प्रतिवद्धता जनाउँदछु/जनाउँदछौ । साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको र सञ्चालित क्रियाकलापहरुबाट वातावरणलाई असर नपुऱ्याउने प्रतिवद्धता समेत व्यक्त गर्दछु/गर्दछौं । |
| अनुसूची ७<br>व्यास नगरपालिका अर्न्तगत कृषि विकास उपशाखा (यस पछि पहिलो पक्ष भनिने) र तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ..... को ......................... स्थनमा सञ्चालनमा रहेको ......................... ................................ श्री .......... ................ (यस पछि दोस्रो पक्ष भनिने) बिच साझेदारी/सहकार्यमा अ.व.२० /० को स्वीकृत ......................... कार्यक्रम संचालन गर्न तपशिल बमोजिम शर्तहरुको अधिनमा रही यो सझौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं । | अनुसूची ७<br>व्यास नगरपालिका अर्न्तगत आर्थिक पूर्वाधार विकास शाखा (यस पछि पहिलो पक्ष भनिने) र तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. ..... को ......................... स्थनमा सञ्चालनमा रहेको ......................... ................................ श्री .......... ................ (यस पछि दोस्रो पक्ष भनिने) बिच साझेदारी/सहकार्यमा अ.व.२० /० को स्वीकृत ......................... कार्यक्रम संचालन गर्न तपशिल बमोजिम शर्तहरुको अधिनमा रही यो सझौता-पत्रमा हस्ताक्षर गरी लियौं/दियौं । |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७७।२।२२ गते नगर कार्यपालिकाबाट पारित "दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रम निर्देशिका २०७७" लाई तपसिलमा उल्लेखित दफाहरुमा संशोधन गर्ने निर्णय गरियो ।

| कार्यविधिमा भएको | कार्यविधिमा संशोधन/थप/हटाइएको |
|---|---|
| -दफा ५ (५)<br>(क) संयोजक -नगरपालिका बोर्ड सदस्यहरु मध्ये नगर कार्यपालिकाले मनोनयन गरेको व्यक्ति<br>(ख) सदस्य -आर्थिक पूर्वाधार विकास शाखा प्रमुख<br>(ग) सदस्य -कृषि, पशु तथा सहकारी विकास सम्बन्धी ज्ञान भएको नगर सभा सदस्य मध्येबाट १ जना<br>(घ) सदस्य -प्रमुख प्रशासकीय अधिकृतले तोकेको योजना शाखाको प्राविधिक अधिकृत कर्मचारी<br>(ङ) सदस्य सचिव -पशु विकास उपशाखा प्रमुख | -दफा ५ (५)<br>(क) संयोजक -आर्थिक विकास समिति संयोजक<br>(ख) सदस्य -कार्यपालिका कार्यकारीणी सदस्य मध्ये एक जना महिला सदस्य<br>(ग) सदस्य -आर्थिक पूर्वाधार विकास शाखा प्रमुख<br>(घ) सदस्य -प्रमुख प्रशासकीय अधिकृतले तोकेको शहरी पूर्वाधार तथा प्राविधिक शाखाको अधिकृत कर्मचारी<br>(ङ) सदस्य सचिव -पशु विकास उपशाखा प्रमुख |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको मिति २०७७।२।२२ गते नगर कार्यपालिकाबाट पारित "सहकारी मार्फत मासु उत्पादन र बिक्रीमा आधारित अनुदान कार्यक्रम निर्देशिका २०७७" लाई तपसिलमा उल्लेखित दफाहरुमा संशोधन गर्ने निर्णय गरियो ।

| कार्यविधिमा भएको | कार्यविधिमा संशोधन/थप/हटाइएको |
| --- | --- |
| -दफा ५ (५)<br>(क) संयोजक -नगरपालिका बोर्ड सदस्यहरु मध्ये नगर कार्यपालिकाले मनोनयन गरेको व्यक्ति<br>(ख) सदस्य -आर्थिक पूर्वाधार विकास शाखा प्रमुख<br>(ग) सदस्य -कृषि, पशु तथा सहकारी विकास सम्बन्धी ज्ञान भएको नगर सभा सदस्य मध्येबाट १ जना<br>(घ) सदस्य -प्रमुख प्रशासकीय अधिकृतले तोकेको योजना शाखाको प्राविधिक अधिकृत कर्मचारी<br>(ङ) सदस्य सचिव -पशु विकास उपशाखा प्रमुख | -दफा ५ (५)<br>(क) संयोजक -आर्थिक विकास समिति संयोजक<br>(ख) सदस्य -कार्यपालिका कार्यकारीणी सदस्य मध्ये एक जना महिला सदस्य<br>(ग) सदस्य -आर्थिक पूर्वाधार विकास शाखा प्रमुख<br>(घ) सदस्य -प्रमुख प्रशासकीय अधिकृतले तोकेको शहरी पूर्वाधार तथा प्राविधिक शाखाको अधिकृत कर्मचारी<br>(ङ) सदस्य सचिव -पशु विकास उपशाखा प्रमुख |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ को सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देलको अध्यक्षतामा मिति २०७७५।९ गते बसेको शाखा/उपशाखा प्रमुखहरुको संयुक्त बैठकको निर्णयद्वारा गठन भई अनुमोदनका लागि सिफारिस भइ आएका अनुसारका देहाय बमोजिमका विभिन्न समितिहरुको गठन प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो । साथै उक्त समितिहरुले गरेका काम कारवाहीहरु समेत अनुमोदन गर्ने निर्णय गरियो ।

१. खरिद इकाई समिति

| | | | |
| --- | --- | --- | --- |
| क. | वरिष्ठ इन्जिनियर डा राजु पौडेल | -संयोजक |
| ख. | लेखा अधिकृत श्री सुवास अधिकारी | -सदस्य |
| ग. | शाखा अधिकृत श्री मेघनाथ आचार्य | -सदस्य |
| घ. | कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले | -सदस्य |
| ङ. | ना.सु. श्री कृष्णप्रसाद पौडेल | -सदस्य सचिव |

२. पेश्की तथा बेरुजु फछ्र्यौट सिफारिस समिति

| | | |
| --- | --- | --- |
| क. | उपसचिव श्री नगेन्द्रप्रसाद रेग्मी | -संयोजक |
| ख. | बरिष्ठ आ.ले.प.अधिकृत श्री कुमार कंचन जि.सी. | -सदस्य |
| ग. | लेखा अधिकृत श्री हेमन्त गुरुङ | -सदस्य |

३. क्वारेन्टिन अनुगमन समित

| | | |
| --- | --- | --- |
| क. | बरिष्ठ आ.ले.प.अधिकृत श्री कुमार कंचन जि.सी. | -संयोजक |
| ख. | जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोती | -सदस्य |
| ग. | सूचना प्रविधि अधिकृत श्री विशाल पण्डित | -सदस्य सचिव |

४. मस्यौदा कार्यविधि निर्माण एवं संशोधन समिति

| | | |
| --- | --- | --- |
| क. | बरिष्ठ आ.ले.प.अधिकृत श्री कुमार कंचन जि.सी. | -संयोजक |
| ख. | बरिष्ठ इन्जिनियर डा राजु पौडेल | -सदस्य |
| ग. | लेखा अधिकृत श्री सुवास अधिकारी | -सदस्य |
| घ. | कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले | -सदस्य |
| ङ. | शाखा अधिकृत श्री मेघनाथ आचार्य | -सदस्य सचिव |

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ को सम्बन्धमा छलफल हुँदा जिल्ला अनुगमन समितिको मिति २०७७४२३ गते बसेको बैठकको निर्णय अनुसार जिल्ला समन्वय समितिको कार्यालय तनहुँ दमौलीको पत्र संख्या ०७७७८ च.नं.३२ मिति २०७७५।३ गतेको पत्रद्वारा लेखी आएबमोजिम यस नगरपालिका क्षेत्रबाट उत्खनन्, बिक्री तथा निकासी हुने ढुंगा, गिटी, वालुवा तथा अन्य प्राकृतिक स्रोत साधनहरुको अनुगमनका लागि देहाय बमोजिमको अनुगमन कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | | |
| --- | --- | --- |
| क. | बरिष्ठ आ.ले.प.अधिकृत श्री कुमार कंचन जि.सी. | -संयोजक |

ख. शाखा अधिकृत श्री मेघनाथ आचार्य -सदस्य
ग. कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले -सदस्य
घ. इन्जिनियर श्री अमृत के.सी. -सदस्य
ङ. शाखा अधिकृत श्री कृष्णराज घिमिरे -सदस्य सचिव

**निर्णय नं.२०:** प्रस्ताव नं.२० को सम्बन्धमा छलफल हुँदा नगरस्तरीय विपद् कोषमा रु.३०,००,०००। (तीस लाख) विनियोजन भएकोमा विपदको अवस्था र पुनर्स्थापनाका कार्यहरु बढ्दै गएकोले विनियोजित रकममा थप गर्नुपर्ने अवस्था देखिंदा शीर्षक नं.१५३ को मादी नदी एकीकृत विकास परियोजना अध्ययन अन्तर्गत तत्काल खर्च हुन नसक्ने अवस्था देखिन आएकोले रु.१५,००,०००। (पन्ध्र लाख) विपद् कोषमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ को सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाका विभिन्न वडाहरुमा विपद्बाट भएको क्षतिलाई पुनर्स्थापना गर्ने कार्यमा विविध योजना समेत निम्नानुसार सम्बन्धित शीर्षकबाट बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | केशवटार सामुदायिक होमस्टे कार्यक्रम | १४ | ३,००,०००। | शीर्षक नं.८० |
| २. | रामथुम्की युवा क्लब | ११ | २५,०००। | विपद् कोष |
| ३. | सिता गैह्रे एकल महिला गोठ निर्माण | ११ | ३०,०००। | शीर्षक नं.४७ (५०% अनुदान) |
| ४. | बाटो सफाई | १० | २९९,११६ | शीर्षक नं.४६० |
| ५. | किन्चे खानेपानी विस्तार (टंकी, मोटर, पाइप खरिद समेत) | १३ | १००,०००। | शीर्षक नं.१२२ |
| ६. | घरविहिन विष्णुप्रसाद वाग्लेको घरमा छाना छाउने टिन सहयोग | ७ | १६,३००। | शीर्षक नं.१२७ |
| ७. | बाले कुमालको घर मर्मत पहिरो नियन्त्रण | १० | २०,०००। | शीर्षक नं.९३ |
| ८. | प्रहरी कार्यालय अगाडि चौतारो मर्मत र पहिरो नियन्त्रण | १४ | १००,०००। | शीर्षक नं.१२७ |
| ९. | विमले चौतार छाब्दी वैकल्पिक मार्ग बाढी बाट क्षति भएकोले सोको पुनस्थापना | १३ | ३६,५००। | शीर्षक नं.९३ |